# कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि प्रत्यक्ष जिम्मेवार मन्त्रालय तथा निकायहरुको विस्तृत काम, कर्तव्य र जिम्मेवारी

नेपाल सरकार
गृह मन्त्रालय

नेपाल सरकार

२०७८

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मुख्य रुपमा स्वास्थ्य पूर्वाधार व्यवस्थापन, स्वास्थ्यकर्मी परिचालन, औषधि, खोप तथा अन्य स्वास्थ्य सामग्री/उपकरणको सहज आपूर्ति, स्वास्थ्य नीति तर्जुमा, मापदण्ड निर्धारणलगायतका कार्यहरुमा बढी जिम्मेवार रहनेछ भने उक्त मन्त्रालयको विस्तृत काम कर्तव्य र जिम्मेवारी निम्नबमोजिम रहेका छन् :-

## १. <u>औषधी, स्वास्थ्य सामग्री तथा जनशक्तिको प्राप्ति र आपूर्ति</u>

(क) **Need Assessment** तयार गर्न कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि औषधि, परिस्थितिको मुल्याङ्कन गरी खोप, स्वास्थ्य सामग्री तथा उपकरणहरुको राष्ट्रिय आवश्यकता (National Requirement) तयार गर्ने र आवश्यकताको प्राथमिकता निर्धारण (Prioritization) गर्ने ।

(ख) स्वास्थ्य सामग्री र उपकरणको ***पारदर्शी खरिद/प्राप्तिका साथै सुरक्षा निकायहरुसँगको समन्वयमा भण्डारणको आवश्यक सुरक्षा व्यवस्था मिलाउने*** । प्रदेश र जिल्ला तहमा समन्वय गरी सहज र पारदर्शी वितरणको व्यवस्था मिलाउने ।

(ग) **प्रर्याप्त सामग्रीहरुको मज्दौत (Stock/Reserve) को व्यवस्था गर्ने :**

(१) **Strategic Reserve**: दक्ष जनशक्ति, Critical औषधी, अक्सिजनलगायतका अति आवश्यक स्वास्थ्य सामग्री तथा उपकरणहरु आवश्यक मापदण्ड बनाई केन्द्रिय स्तरमा भण्डारण गर्ने ।

(२) **Operational Reserve**: Critical औषधी, अक्सिजनलगायतका अति आवश्यक स्वास्थ्य सामग्री तथा उपकरणहरु आवश्यक मापदण्ड बनाई प्रदेशस्तरमा भण्डारण गर्ने ।

(३) **Tactical Reserve**: Critical औषधी, अक्सिजनलगायतका अति आवश्यक स्वास्थ्य सामग्री तथा उपकरणहरु आवश्यक मापदण्ड बनाई सम्पूर्ण अस्पतालहरुमा भण्डारण गर्ने ।

(घ) एम्बुलेन्सहरु छोटो सूचनामा परिचालन हुन सक्ने गरी संघीय अस्पताल, प्रादेशिक अस्पताल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतका अस्पतालहरुमा तयारी हालतमा राख्ने।

(ङ) अग्रपंक्ति(Frontline)मा खटिई कार्य गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य जनशक्तिका लागि आवश्यकतानुसार PPE, Mask, Viser, Sanitizer लगायतका स्वास्थ्य सुरक्षाका सामग्री निरन्तर उपलब्ध गराउने साथै नपुग जनशक्तिलाई तत्काल ***"कार्ययोजना"*** बनाई जनशक्ति परिचालन गर्ने तयारी हालतमा रहने ।

(च) खरिद, भण्डारण, आपूर्ति तथा वितरणको पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि स्वास्थ्य सामग्रीहरुको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र CCMC को आधिकारिक Website तथा संयुक्त Central Database मा अद्यावधिक गर्ने ।

२. <u>संक्रमणको रोकथाम र नियन्त्रण</u>

**(क)** स्थल नाकाबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुबाट भित्रिने सम्भावित संक्रमणलाई नियन्त्रण गर्न अनिवार्य Antigen Test गर्ने सो कार्यका लागि मुख्य १३ वटा नाकाहरुका प्रवेश विन्दुहरुमा आवश्यकतानुसार पर्याप्त मात्रामा Antigen kit उपलब्ध गराउने र सोको खर्चअनुरुप सोध भर्ना गर्दै जाने ।सम्भव भएसम्म नाकामा नै खोप लगाउने व्यवस्था मिलाउने।संक्रमितलाई निर्धारित आईशोलेसन सेन्टरमा राख्ने व्यवस्था मिलाउने ।

**(ख)** दक्षिणतर्फको मुख्य सीमा नाका प्रवेश विन्दुहरुमा निमार्णाधीन होल्डिङ्ग सेन्टरहरुमा स्वास्थ्य जनशक्ति तथा आवश्यक स्वास्थ्य सामग्रीहरु समयमै तयार गरी मागबमोजिम परिचालन गर्न र उपलब्ध गराउन तयारी अवस्थामा रहने ।

**(ग)** होल्डिङ्ग सेन्टरहरुका लागि प्रदेश सरकारमार्फत बजेट निकाशाका लागि सहजीकरण गर्नुका साथै व्यवस्थापनका लागि सम्बन्धित प्रदेश सरकारको नेतृत्वमा होल्डिङ्ग सेन्टर व्यवस्थापन समिति गठन गरी सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने ।

**(घ)** हवाई मार्ग तथा स्थल सीमा नाकाबाट आवागमन गर्ने व्यक्तिहरुबाट संक्रमण भित्रिन नदिनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय र CCMC सँगको समन्वयमा अन्तर्राष्ट्रिय विमानस्थलका आगमन र प्रस्थान विन्दुमा भएका हेल्थ डेस्क (Health Desk) को स्तरोन्नति र आवश्यकतानुसार थप हेल्थ डेस्क व्यवस्थापन गर्न सहकार्य गर्ने ।

**(ङ)** अन्तर्राष्ट्रिय हवाई उडानका यात्रुहरुले नेपाल आवागमन गर्दा पालना गर्नुपर्ने मापदण्ड, होटल क्वारेण्टिन मापदण्ड तथा पर्यटन व्यवस्थापन मापदण्डलगायतका मापदण्डहरु पुनरावलोकन गर्न CCMC लगायतका निकायलाई सहयोग गर्ने र मापदण्ड कार्यान्वयन गर्ने ।

**(च) PCR परीक्षण गर्ने, गराउने :**

(१) मुख्य मुख्य सहरहरु तथा भिडभाड हुने स्थलहरुमा मोवाईल भ्यानको व्यवस्था गरी Random PCR परीक्षणको सट्टामा Antigen Test को प्रयोग सबैलाई गरी निगरानी लाई विशेष प्राथमिकता दिने।

(२) प्रदेशमा रहेका स्वास्थ्य कर्मचारीलाई परिचालन गरी जनघनत्व र सम्भावित संक्रमणदरलाई मध्यनजर गरी बढी भन्दा बढी संख्यामा PCR परीक्षण र Contact Tracing समेत गराउने ।

(३) गैरसरकारी अस्पतालहरुमा PCR गर्ने नागरिकहरुलाई PCR कीटको मूल्य तोकीदिइ एकरुपता कायम गर्ने र सोको निरन्तर अनुगमन गर्ने।

**(छ)** अक्सिजनसहीतको आईसोलेसन सेन्टरको स्थापना तथा व्यवस्थापनको लागि आवश्यकतानुरुप सम्बन्धित DCMC को सिफारिसमा सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बजेट निकासाको लागि सहजीकरण गर्ने ।

**(ज)** गृह मन्त्रालय, CCMC र अन्य सरोकारवाला निकायहरुसँगको समन्वयमा स्मार्ट लकडाउनको आधारमा निषेधादेश गर्ने र परिस्थितिको पूर्व जानकारी दिने ।

३. <u>गुणस्तरीय स्वास्थ्य सेवा</u>

(क) गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकारी तथा गैरसरकारी अस्पतालहरुमा कोभिड-१९ संक्रमित बिरामीहरुको उपचार सम्बन्धी स्वास्थ्य मापदण्ड तर्जुमा पुनरावलोकन गरी कम्तिमा महिनाको १ (एक) पटक अनुगमन गरी प्रगति प्रतिवेदन पेश गर्ने । कोभिड-१९ संक्रमितबाहेकका बिरामीहरुलाई समेत स्वास्थ्यको पहुँच सहज तथा प्रभावकारी बनाउने ।

(ख) ***कोभिड-१९ युनिफाईड केन्द्रिय अस्पताल (CUCH)*** तत्काल सञ्चालनमा ल्याउने र महिनाको २ पटक अनुगमन गरी कोभिड-१९ को निर्देशक समितिलाई प्रतिवेदन गर्ने ।

(ग) ***कोभिड-१९ युनिफाईड प्रादेशिक अस्पताल (CUPH)*** हरु तत्काल सञ्चालनमा ल्याउनुको साथै महिनाको २ पटक अनुगमन गरी प्रतिवेदन गर्ने ।

(घ) दुर्गम/पहाडी जिल्लाहरुलाई पायक पर्ने गरी आवश्यकताबमोजिम कोभिड-१९ युनिफाईड क्षेत्रीय अस्पताल (CURH) हरुको सञ्चालन गर्ने, आवश्यकताबमोजिम जनशक्ति तथा उपकरणहरु थप गर्दै लैजाने ।

(ङ) द्रूत प्रतिकार्य टोलीको तहगत संरचना, श्रोतसाधन, परिचालन हुने अवस्था र समयसीमासहीतको कार्ययोजना तर्जुमा र CCMC तथा अन्य निकायको सहकार्यमा कार्यान्वयन गर्ने ।

४.विदेशबाट खोपको प्राप्ति र उपलब्ध खोप वितरण कार्यक्रम

(क) दातृ राष्ट्र तथा निकायहरुबाट खोप प्राप्ति (अनुदान, सहयोग र खरिद) गरी छिटो भन्दा छिटो पर्याप्त मात्रामा खोपको व्यवस्था मिलाउने ।

(ख) कोभिड-१९ रोकथामको लागि आवश्यक खोप (Vaccine) को खरिद योजना, खरिद, प्राप्ति, भण्डारण, वितरण, ढुवानी व्यवस्थापन (अनुदानमा प्राप्त हुने खोप समेत) लाई पारदर्शी र जवाफदेही बनाउने ।

(ग) खोपहरुको सुरक्षित भण्डारण तथा वितरण गर्न निम्न अनुसारको कार्यहरु गर्नेः-

(१) खोप प्राप्त भए पश्चात Central Database मा अद्यावधिक गर्ने ।

(२) सुरक्षा निकायहरुको सहयोगमा सुरक्षितरुपमा केन्द्रिय भण्डारण गर्ने ।

(३) Need Assesment लाई मध्यनजर गरी सुरक्षाको पूर्ण व्यवस्था मिलाई Handover Form सहित PDC, DCMC र पालिकाहरुलाई वितरण र सुरक्षित भण्डारण गर्ने ।

(४) खोप केन्द्रहरुको सही पहिचान गरी खोप लगाउने नागरिकहरुको Pre-Registration भर्न लगाई उक्त रेकर्डअनुरुप खोप केन्द्रहरुमा सुरक्षाको सम्पूर्ण व्यवस्था मिलाई व्यवस्थित खोप कार्यक्रम गर्न सुरक्षाफौजको सहयोग प्राप्त गर्ने ।

(५) कोभिड-१९ खोप लगाएपश्चात् देखिएका गम्भीर Reaction/adverse health reaction को अनुगमन अनुसन्धान गर्ने संयन्त्र निर्माण गरी कार्य गर्ने ।

(घ) खोप केन्द्रहरुमा स्वास्थ्य मापदण्ड अवलम्बन गरी व्यवस्थित र सुरक्षित रुपमा खोप लगाउने व्यवस्था गर्ने प्रभावकारी कार्यान्वयन गर्न DCMC र पालिकाहरुसँग समन्वयमा गर्ने ।

४.स्वदेशमा खोपको उत्पादन गर्ने

(क) नेपाल मै खोप उत्पादन गर्न सरोकारवालाहरुलाई समवन्वय, सहजीकरण र सहयोग गर्ने।

(ख) थपसंभाव्यताको अध्ययन गर्न विज्ञ, उद्योग, व्यवसायी र सरकारी निकायहरुबीच समन्वय तथा सहजीकरण गर्ने ।

५.<u>विविध कार्यहरु</u>

(क) स्वास्थ्य तथा सुरक्षाकर्मीको इमान्दारी तथा गुणस्तरीय सेवा (Sincerity & Quality Service) को निरीक्षण र अनुगमन गरी प्रोत्साहनको व्यवस्था गर्ने ।

(ख) कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी तथ्य, तथ्याङ्क व्यवस्थापनका लागि केन्द्रिय Database को स्थापना गरी CCMC सँग सहकार्य गर्ने।

(ग) कोभिड-१९ उपचारमा आवश्यक पर्ने अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटरलगायतका स्वास्थ्य उपकरण, परीक्षण किट, PPE, Consumables लगायतका अन्य स्वास्थ्य सामग्रीको आपूर्ति, मौज्दात, वितरण तथा खपतसम्बन्धी विवरणको अद्यावधिक गर्ने गरी CCMC लगायतका सरोकारवाला निकायलाई नियमित रुपमा उपलब्ध गराउने।

(घ) औषधी तथा स्वास्थ्य उपकरणको गुणस्तर नेपाल सरकारले तोकेको मापदण्डबमोजिम रहेको एकीन गर्ने।

(ङ) कोभिड-१९ को उपचारमा संलग्न सम्पूर्ण अस्पताल, स्वास्थ्य चौकी र आईशोलेसन केन्द्र लगायतमा आवश्यक पर्ने स्वास्थ्य जनशक्तिको व्यवस्थापन योजना अद्यावधिक गरी पेश गर्ने ।

(च) संघ, प्रदेश र जिल्लास्तरीय जन सचेतना अभिवृद्धि योजना तर्जुमा र कार्यान्वयन गरी आधिकारिक सूचना सम्प्रेषण गर्ने ।

(छ) संघ, प्रदेश र जिल्लास्तरीय अस्पतालहरुमा सिकाइ, बुझाइ र कार्यान्वयनमा एकरुपता ल्याउन विभिन्न सञ्चार माध्यमको प्रयोग गरी समय समयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

(ज) अनुसन्धान तथा काउन्सिलिङलाई विशेष महत्वको साथ कार्यक्रम तर्जुमा गरी सबै तहमा लागु गर्ने ।

(झ) आम नागरिकका Frequently Ask Questions तयार गरी आधिकारिक वेबसाईटमा सूचना सम्प्रेषण गर्ने ।

# गृह मन्त्रालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. स्थल मार्ग तथा हवाई मार्गबाट हुने स्वदेशी तथा विदेशी नागरिकहरुको आवागमन व्यवस्थापन तथा नियमन गर्ने, गराउने
२. कोभिड-१९ सम्बन्धमा स्वदेशी तथा विदेशी नागरिकहरुलाई जनस्वास्थ्य मापदण्ड पालना गर्ने, गराउने साथै यसको रोकथाम तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्ने,गराउने,
३. कोभिड-१९ विरुद्धको खोप व्यवस्थापन गर्ने, गराउने,
४. कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धिको लागि स्वयंसेवक/टोल सहजीकरण समूह परिचालन गर्न आवश्यक सहजीकरण गर्ने ,
५. भीडभाडलाई व्यवस्थापन गर्न लगाउने,
६. स्वास्थ्य सामग्री आपूर्ति र ढुवानी व्यवस्थापनमा गर्ने,
७. आईसोलेसन/क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने,
८. स्मार्ट लकडाउन व्यवस्थापन गर्न लगाउने,
९. Contract Tracing कार्यलाई प्रभावकारी बनाउन आवश्यक समन्वय गर्ने,
१०. एम्बुलेन्स सेवा व्यवस्थापन गर्न लगाउने,
११. कोभिड-१९ बाहेक अन्य बिरामीहरुको उपचार गर्ने, मनोपरामर्श सेवा संचालन एवं कोभिड स्वास्थ्य सुरक्षा तालिम तथा अनुशिक्षण सञ्चालनमा सहजीकरण गर्ने,गराउने,
१२. कोभिड-१९ बाट मृत्यु भएकाहरुको शब व्यवस्थापनका लागि स्थान छनौट तथा सुरक्षा प्रदान गर्ने,
१३. शब व्यवस्थापनका लागि आइशोलेसन सेन्टर तथा मृतकको परिवारसँग समन्वय गर्ने, शव वाहनको व्यवस्था गर्ने, अन्त्येष्टि गर्ने, गराउने,
१४. विदेशमा अलपत्र परेका नेपाली नागरिकहरुको उद्दार, नेपालमा अलपत्र परेका विदेशीहरुको व्यवस्थापनका लागि समन्वय तथा सहजीकरण गर्ने,
१५. दुर्गम क्षेत्रमा गम्भीर अवस्थाका बिरामीको उद्धार गर्ने, गराउने,
१६. सरोकारवाला निकायहरुसंगको समन्वयमा कोभिड-१९ संग सम्बन्धित तथ्याङ्क तथा सूचना प्रणाली व्यवस्थापन गर्ने, एकीकृत प्रतिवेदन गर्ने,
१७. कोभिड-१९ संग सम्बन्धित कुनै पनि विषयमा प्राप्त भएका समग्र गुनासो व्यवस्थापन (अनुगमन, निरीक्षण र कारवाही) गर्ने,
१८. अन्तरनिकाय समन्वय(संघ/प्रदेश/स्थानीय तथा अन्य सरकारी एवं सार्वजनिक निकायसँग) गर्ने, गराउने,
१९. आपतकालीन अवस्थाको व्यवस्थापन गर्ने, गराउने ,

<u>अर्थ मन्त्रालय</u>

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. कोभिड-१९ संकट व्यवस्थापन *अध्यादेश, २०७८ को परिच्छेद-६ को दफा २६* बमोजिम कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कार्यहरुको खरिद प्रक्रियालाई सहजीकरण गर्ने ।

२. ऐ.को *परिच्छेद-६ को दफा २७* मा व्यवस्था भएबमोजिम कोभिड-१९ कोषको व्यवस्थापनको लागि CCMC लाई सहयोग तथा सहजीकरण गर्ने ।

३. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि संघ देखि पालिकासम्म भएका कोष सञ्चालनको लागि मापदण्ड निर्धारण गर्ने तथा सम्बन्धितलाई सहजीकरण गर्ने ।

४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारमा भएका खर्चको पारदर्शिता र जवाफदेहिताको लागि कोष तथा लेखा नियन्त्रण कार्यालयहरु मार्फत प्रदेश तथा जिल्ला स्तरमा विशेष अनुगमन/अडिटिङ्ग को व्यवस्था गर्ने ।

५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र CCMC सँगको समन्वयमा खोप खरिद, अस्पताल स्थापना र स्तरोन्नती, स्वास्थ्य सामग्री तथा उपकरण प्राप्ति/व्यवस्थापन, जनशक्ति व्यवस्थापन, जोखिम तथा प्रोत्साहन भत्ता लगायतका कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारमा आवश्यक बजेट समयमै निकाशाका लागि विशेष पहलकदमी लिने ।

६. कार्ययोजनाको कार्यान्वयन सम्बन्धित मन्त्रालय तथा निकायलाई विनियोजित बजेटबाट व्यवस्थापन गर्न र थप दायित्व सिर्जना गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र थप दायित्व सिर्जना गर्ने ।

## परराष्ट्र मन्त्रालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मान्त्रालय र CCMC सँगको समन्वयमा नेपाल प्रवेश गर्न चाहने पर्यटक/आगन्तुकहरुको लागि सही सूचना सम्प्रेशण गर्ने ।

२. विभिन्न मन्त्रालय तथा निकायहरुसँगको समन्वयमा विदेशमा अलपत्र परेका नेपाली नागरिकहरुको उद्दार गर्ने ।

३. विभिन्न मन्त्रालय तथा निकायहरुसँगको समन्वयमा नेपालमा रहेका विदेशीलाई आफ्नो देश फर्कन सहजीकरण गर्ने ।

४. खोप प्राप्तिका लागि सम्भाव्य मुलुकहरुसँग कुटनैतिक पहल गर्ने सट्टा खोप तथा स्वास्थय् सामाग्रीहरु प्राप्तिका लागि सम्भाव्य मुलुकहरुसँग कुटनीतिक पहल गर्ने।

<u>**श्रम तथा सामाजिक मन्त्रालय**</u>

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. विदेशमा अलपत्र परेको श्रमिकहरुलाई गम्भीरता र सम्वेदनशील अवस्थाका आधारमा उद्धार गरी नेपाल पठाइएकाको हकमा निजहरुलाई होल्डिङ्ग सेन्टर र क्वारेन्टिनमा राखी आफ्नो गन्तव्यसम्म पुर्याउने कार्यमा श्रोत व्यवस्थालगायतका कार्यका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।

२. वैदेशिक रोजगारबाट नेपाल फर्की बेरोगार भएका नागरिकहरुको हकमा रोजगारीका अवसरहरु पहिचान गरी सिप तथा क्षमता वृद्धिको कार्य गर्ने ।

३. विदेशमा अलपत्र भई नेपाल फर्कनका लागि हवाई टिकटलगायत समेतको व्यबस्था गर्ने र नसक्ने नेपाली कामदारहरुकोहकमा परराष्ट्र मन्त्रालयसँग समन्वय गरी टिकट सहित आउने प्रबन्ध गर्ने ।

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. संघ, प्रदेश र जिल्लास्तरीय कोभिड-१९ महामारीसम्बन्धी जनसचेतना अभिवृद्धि योजना तर्जुमा र कार्यान्वयन गर्ने।

२. स्वास्थ्य मन्त्रालयले तयार गरेका जनचेतना मुलुक प्रचार सामग्रीहरु आम जनमानसलाई सुसूचित गराउनका लागि केन्द्र देखि स्थानीय तहसम्मका सञ्चार माध्यम (रेडियो, टेलिभिजन, पत्रिका, अनलाईन मिडिया) मार्फत तथा विज्ञहरुबाट अन्तरवार्ता/प्रवचनजस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. सकरात्मक वातावरणको सृजना गर्न तथ्य तथ्याङ्कमा आधारित सूचना सम्प्रेषण गर्ने।

४. तथ्यहीन एवं भ्रामक सूचना सम्प्रेषणको गतिविधिलाई निरुत्साहन गर्ने ।

५. कोभिड-१९ प्रकोप रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तथ्य तथ्याङ्क व्यवस्थापनको लागि एकीकृत तथ्याङ्क व्यवस्थापनमा सहजीकरण गर्ने।

# संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. हवाई मार्ग तथा स्थल सीमा नाकाबाट आवागमन गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारीमा रहेको भनिएकोमा उक्त कार्य गृह मन्त्रालयअन्तर्गत अध्यागयन विभागबाट र नेपाल प्रवेश विन्दुमा रहने अध्यागमन कार्यालयबाट सम्पन्न हुने,

२. आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलका Arrival र Departure मा भएका हेल्थ डेस्कको स्तरोन्नति र आवश्यकताअनुसार थप हेल्थ डेस्क व्यवस्थापन गर्न सहकार्य गर्ने ।

३. अन्तर्राष्ट्रिय हवाई उडानका यात्रुहरुले नेपाल आवागमन गर्दा पालना गर्नुपर्ने मापदण्ड, होटल क्वारेण्टिन मापदण्ड तथा पर्यटन व्यवस्थापन मापदण्डलगायतका मापदण्डहरु जानकारीको लागि सम्प्रेषण गर्ने ।

४. विदेशबाट आवागमन गर्ने यात्रुहरुलाई नेपाल सरकारबाट जारी आदेशअनुसार तोकिएबमोजिम होटल/संस्थागत वा होम क्वारेन्टिनमा व्यवस्थापन गर्न अग्रणि भूमिका निर्वाह गर्ने।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. कोभिड-१९ संक्रमणको अवस्थाबमोजिमको शैक्षिक अध्ययन अध्यापनलगायतका व्यवस्थापनको विशेष योजना र कार्यान्वयन गर्ने ।

२. Covid-19 Protocol अवलम्बन गरी खोपको व्यवस्था सहित MBBS, Nursing, Health Assistant लगायतका स्वास्थ्य विज्ञानका अन्तिम वर्ष अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययन निरन्तरता गरी स्वास्थ्य जनशक्ति उत्पादनलाई निरन्तरता दिन संघ तथा प्रदेशसँग समन्वय गरी अध्ययन सुचारु गर्ने ।

# कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (CCMC)

मुलुकमा कोभिड-१९ को महामारीबाट नागरिकहरुको जीवन रक्षाका लागि हाल देखिएका चुनौतीका Tangible and Intangible Aspects लाई दृष्टिगत गरी यस केन्द्रले Whole of the Government Approach अनुसार कोभिड-१९ प्रकोप रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि आवश्यक योजना, नीति, मापदण्ड, अनुसन्धान, अनुगमन र समन्वयको मुख्य भूमिका खेल्दै आइरहेको छ । कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

## १.समन्वय र सहजीकरण

(क) नेपाल सरकारले तोकेका *अन्तर्राष्ट्रिय सीमा नाका*मा सङ्क्रमितको पहिचान, क्वारेन्टिन, आईसोलेसन केन्द्र, होल्डिङ्ग सेन्टरलगायतका सेवा विस्तार गरी संचालन गर्न सहयोग गर्ने ।

(ख) कोभिड-१९ प्रकोप रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तथ्य तथ्याङ्क व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा ***केन्द्रिय Database*** व्यवस्था गरी योजना तर्जुमा गर्न सहजीकरण गर्ने।

(ग) CCMC को आपूर्ति कार्य डिभिजनले सरोकारवालाहरुसँगको समन्वयमा ***अध्यादेशको परिच्छेद-४ को दफा १४ को उपदाफा (१) को (च), (छ) र (झ)*** बमोजिम औषधी, अक्सिजन, स्वास्थ्य सामग्री, उपकरण, अन्य उपचार सामग्री, खाद्य सामग्री तथा अत्यावश्यक वस्तु वा सेवाको आपूर्तिमा देखिएका समस्या समाधान गरी सहज आपूर्तिको व्यवस्था मिलाउने योजना तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने ।

(घ) औषधी, अक्सिजन, स्वास्थ्य सामग्री, उपकरण अन्य उपचार सामग्री, खाद्य सामग्री तथा अत्यावश्यक बस्तु वा सेवाको ***आपूर्तिमा देखिएका समस्या समाधान*** गरी सहज आपूर्तिको व्यवस्था मिलाउन योजना तर्जुमा, समन्वय र सहजीकरण गर्ने ।

(ङ) विभिन्न राष्ट्रहरुबाट अनुदान स्वरुप वा खरिद प्रक्रियाबाट प्राप्त भएको ***खोपहरुलाई उचित भण्डारण, पारदर्शी वितरण तथा सहज पहुँचको लागि सम्बन्धित मन्त्रालयसँग सहकार्य*** गर्ने ।

(च) वैदेशिक सहयोग, खरिद र अन्य रुपमा नेपाल सरकारले प्राप्ति गरेका स्वास्थ्य सामग्री तथा उपकरणहरु स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा Database खडा गरी केन्द्रिय भण्डारण पश्चात सुरक्षा

निकायहरुको सहयोग लिई Province Director Committee (PDC) र DCMC मार्फत पूर्ण रुपमा अभिलेख राखी सहज र पारदर्शी वितरणको व्यवस्था गर्न मद्धत गर्ने ।

(छ) *आपतकालीन उद्धार तथा ढुवानी*का लागि केन्द्रियस्तरमा न्यूनतम २ वटा हेलिकप्टर, १ वटा हवाई जहाज र आवश्यकताबमोजिमको अन्य सवारी साधन तत्काल परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्न समन्वय गर्ने ।

(ज) Tracking, Tracing, Testing र Treatment तथा गुनासो व्यवस्थापनका लागि कल सेन्टरको व्यवस्था गरी कार्यान्वयन गर्ने ।

(झ) *शव व्यवस्थापन निर्देशिका* अनुरुप शव व्यवस्थापन कार्यलाई सहजीकरण गर्नुको साथै आवश्यकताअनुसार निर्देशिका अध्यावधिक गर्ने ।

(ञ) समन्वय र सहजीकरणलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन प्रत्येक महिनाको अन्तिम हप्ता कोभिड-१९ नियन्त्रणमा प्रत्यक्ष सरोकारवाला मन्त्रालय तथा अन्य सम्बन्धित निकायसँग समन्वयात्मक बैंठक CCMC (सिंहदरबार) आयोजना गर्ने ।

२. <u>अनुगमन, निरीक्षण र गुनासो व्यवस्थापन</u>

(क) कोभिड १९ को रोकथाम, नियन्त्रण, निदान र उपचारसँग सम्बन्धित जुनसुकै निकाय वा संस्थाको *अनुगमन तथा निरीक्षण* गर्ने वा गराउने ।

(ख) *गुनासोको तहगत सङ्कलन तथा अभिलेखीकरण* गर्नुको साथै गुनासो सम्बोधनमा सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ग) अनुगमन संयन्त्रको परिचालन गरी मित्रराष्ट्र तथा दातृसंस्थाहरुबाट प्राप्त औषधी तथा स्वास्थ्य उपकरणहरुको उचित अभिलेखीकरण, भण्डारण, योजनाबद्ध तथा पारदर्शी वितरण भएको अनुगमन गर्ने ।

३. <u>अनुसन्धान र सुझाव</u>

(क) औषधी र Oxygen सहितका स्वास्थ्य सामग्री तथा उपकरणको Need Assessment को लगत स्वास्थ्य तथा जनस्वास्थ्य मन्त्रालयले तयार गरी CCMC सँगको सहकार्यमा आवश्यकताको ***प्राथमकिता निर्धारिण (Prioritization)*** गर्ने ।

(ख) कोभिड १९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको व्यवस्थापनमा देखिएका ***समस्याको पहिचान गरी देखिएका समस्याको समाधानका लागि आवश्यक*** योजना पुनरावलोकन गर्ने तथा सम्बन्धितलाई सुझाव पेश गर्ने ।

(ग) स्वास्थ्य सेवासँग सम्बन्धित अस्पतालका सञ्चालक, नेपाल चिकित्सक संघका पदाधिकारी, उद्योगी तथा व्यवसायी, विशेषज्ञ चिकित्सक, अनुसन्धानकर्तालगायतका विभिन्न क्षेत्रका विज्ञ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग ***नियमित अन्तरक्रिया गरी सुझाव सङ्कलन*** गरी सम्बन्धितमा पेश गर्ने ।

४.<u>विविध कार्यहरु</u>

(क) कोभिड-१९ संकट व्यवस्थापन ***अध्यादेश, २०७८*** तथा निर्देशक समितिको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ख) ***आन्तरिक, बाह्य र चार्टर्ड उडान नियमन*** गर्न CCMC ले निर्देशक समिति समक्ष उचित प्रस्ताव पेश गरी निर्णय कार्यान्वयन गर्ने,गराउने ।

(ग) जिम्मेवारीबाट पन्छिने, काममा ढिलासुस्ती गर्ने, आफ्नो पदीय दायित्व समयमा निर्वाह नगर्ने तथा अध्यादेश विपरीत कार्य गर्नेलाई प्रचलित ***कानूनबमोजिम सजाय*** गर्न गृह मन्त्रालयमा कारणसहित पत्राचार गर्ने ।

(घ) गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, PDC, DCMC लगायतसँग समन्वयमा Smart Lockdown लगायतका निषेधाज्ञा/Lockdown Modality कार्यान्वयन गर्न लगाउने र अनुगमन गर्ने ।

# नेपाली सेना

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. भारतबाट नेपाल प्रवेश गर्ने मुख्य नाका विन्दुहरुमा अस्थायी होल्डिङ्ग एरिया निर्माण गर्न प्रदेश सरकार र पालिकाहरुलाई सहयोग गर्ने ।

२. प्रदेश सरकारले निर्धारण गरेबमोजिमको होल्डिङ्ग सेन्टर व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

३. वैदेशिक सहयोग, खरिद, उत्पादन र अन्य रुपमा नेपाल सरकारले प्राप्त गरेका स्वास्थ्य सामग्री तथा उपकरणहरुको ढुवानीलाई CCMC मार्फत माग भएमा ढुवानीको लागि आवश्यक सवारी साधन उपलब्ध गराउनुको साथै PDC र DCMC मार्फत ढुवानीको सुरक्षा र वितरणमा सहजीकरण गर्ने ।

४. आपत्कालीन उद्धार तथा ढुवानीका लागि CCMC तथा अन्य जिम्मेवार नियकायलाई हवाई तथा स्थल सवारी साधनहरु प्रक्रियाअनुरुप उपलब्ध गराउने ।

५. कोभिड-१९ बाट संक्रमित भई मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन तोकिएको कार्यविधिअनुसार गर्ने । सरोकारवाला निकायहरुसँगको समन्वयमा शव व्यवस्थापनको लागि उपयुक्त स्थानको छनौटसम्बन्धी उपयुक्त राय गृह मन्त्रालय तथा CCMC सँग समन्वयात्मक बैठक गरी एकीन गर्ने ।

६. प्रदेश, जिल्ला तथा स्थानीय तहका कोभिड-१९ अस्थायी अस्पताल, होल्डिङ्ग एरिया, आईसोलेसन सेन्टर र क्वारेन्टिनहरु निर्माण गर्न आवश्यक सहयोग गर्ने ।

७. कमाण्ड हेडक्वाटर, बाहिनी र युनिट तहमा Rapid Response Team तयारी हालतमा राख्ने ।

## नेपाल प्रहरी

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. जनस्वास्थ्य कार्यालय, DCMC र स्थानीय तहसँगको सहकार्यमा Patient Receiving Team (PRT) र Case Investigation and Contact Tracing (CICT) कार्यको प्रभावकारी कार्यान्वयनमा अग्रणी भूमिका निर्वाह गर्ने ।

२. सीमा नाका आवागमन नियन्त्रणमा स.प्र.बल. नेपालसँग समन्वयमा रही प्रभावकारी रुपमा कार्य गर्ने ।

३. स्वास्थ्य पूर्वाधार, स्वास्थ्य उपकरण तथा सामग्री र स्वास्थ्य जनशक्तिको सुरक्षा व्यवस्था प्रभावकारी बनाउने ।

४. होल्डिङ्ग एरिया, क्वारेन्टिन र आईसोलेसन सेन्टर आदिको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने ।

५. मुख्य Point of Entry (POE) मा स्थापना भएका/हुने होल्डिङ्ग सेन्टरहरुको सुरक्षा र व्यवस्थापनमा PDC र नेपाली सेनालाई सहयोग गर्ने ।

६. प्रवेश विन्दुहरुमा स्थापना भएका होल्डिङ्ग सेन्टर तथा हेल्थ डेस्कहरुमा हुने स्वास्थ्य परीक्षण लगायतका कार्यमा खटिएका स्वास्थ्य जनशक्तिलाई आवश्यक सुरक्षा प्रदान गर्ने ।

७. खोप केन्द्रहरु र खोप कार्यक्रमको सुरक्षा र व्यवस्थापनमा सहयोग गर्ने ।

८. शव व्यवस्थापनको अभिलेखीकरण र कानूनी प्रक्रियाको लागि नेपाली सेनालाई सहयोग गर्ने ।

९. अन्तराष्ट्रिय सीमानाका (स्थलमार्ग) बाट हुने ***आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८*** को कार्यान्वयनमा सहयोग गर्ने ।

१०. "तपाईँको मास्क खै" जस्ता कार्यक्रममार्फत कोभिड-१९ रोकथाम र नियन्त्रण सचेतना अभिवृद्धिमा सहयोग गर्ने ।

११. निषेधाज्ञाहरुको कार्यान्वयन गर्ने साथै मुख्य बस्ती, सहरी इलाकामा आवात्जावत गर्ने यातायातको नियमनको अनुगमन गर्ने ।

# सशस्त्र प्रहरी बल, नेपाल

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. सीमा नाकामा हुने आवागमन नियन्त्रणका लागि जिम्मेवार रहने । सीमा नाकामा थप जनशक्ति परिचालन गरी निर्धारित सीमा नाका प्रवेशविन्दु वाहेकबाट नेपाल आवागमन रोक्ने ।

२. अन्तराष्ट्रिय सीमा नाका (स्थलमार्ग) बाट हुने आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ को कार्यान्वयनमा अग्रणी भूमिका निर्वाह गर्ने ।

३. मुख्य Point of Entry (POE) मा स्थापना भएका होल्डिङ्ग सेन्टरहरुको सुरक्षा र व्यवस्थापनमा PDC र नेपाली सेनालाई सहयोग गर्ने ।

४. प्रवेश विन्दुहरुमा स्थापना भएका होल्डिङ्ग सेन्टर तथा हेल्थ डेस्कहरुमा हुने स्वास्थ्य परीक्षण लगायतका कार्यमा खटिएका स्वास्थ्य जनशक्तिलाई आवश्यक सुरक्षा प्रदान गर्ने ।

५. स्वास्थ्य पुर्वाधार, स्वास्थ्य उपकरण तथा सामग्री र स्वास्थ्य जनशक्तिको सुरक्षा व्यवस्था प्रभावकारी बनाउन नेपाल प्रहरीलाई सहयोग गर्ने ।

६. आईसोलेसन सेन्टर, होल्डिङ्ग एरिया, क्वारेन्टिन आदिको सुरक्षामा नेपाली सेना र नेपाल प्रहरीलाई सहयोग गर्ने ।

७. निषेधाज्ञाहरुको कार्यान्वयनमा नेपाल प्रहरीलाई सहयोग गर्ने ।

# राष्ट्रिय अनुसन्धान विभाग कार्ययोजनामा मात्र राय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. कोभिड-१९ सम्बन्धी आवश्यक सूचनाहरु समयमा नै संकलन, सम्भावित चूनौतीको विश्लेषण र सम्प्रेषण गर्ने ।

२. कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी योजना तथा कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्या सम्बन्धी सूचना संकलन गर्ने ।

३. स्मार्ट लकडाउन कार्यान्वयनलगायतका विषयमा आवश्यकतानुसार सुझाव पेश गर्ने ।

४. Contact Tracing र Tracking कारवाहीमा सहयोग गर्ने ।

५. सम्पूर्ण छनौट भएका होटल क्वारेन्टिनमा कोभिड-१९ प्रोटोकल पालना गरी संचालन भए/नभएको तथा क्वारेन्टिनमा रहेका व्यक्तिहरुले क्वारेन्टिन अवधि पूरा गरे नगरेको एकीन विवरण CCMC र गृहमन्त्राललाई प्रतिवेदन गर्ने ।

६. कोभिड-१९संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारका कार्यमा संलग्न सुरक्षा निकायहरु एवं अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

## जनस्वास्थ्य कार्यालय

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. नियमित रुपमा जिल्ला स्तरीय Need Assessment अद्यावधिक गर्ने ।

२. स्वास्थ्य मन्त्रालयबाट उपलव्ध खोप केन्द्रिय नीतिअनुसार DCMC र स्थानीय तहसँगको सहकार्यमा निष्पक्ष, पारदर्शी र छिटोछरितो रुपमा आम नागरिकको समान पहुँच रहने ढंगले खोप सेवा उपलव्ध गराउने ।

३. DCMC र स्थानीय तहसँगको सहकार्यमा Case Investigation and Contact Tracing प्रभावकारी ढङ्बाट संचालन गर्ने ।

४. स्थानीयस्तरमा स्वास्थ्य परिस्थितिको नियमित विवरण (संक्रमण, अस्पतालको क्षमता र चाप, स्वास्थ्य सामग्री र उपकरणको उपलब्धता (मौजात र खर्च), खोप कार्यक्रमको प्रगति PDC मार्फत CCMC तथा MoHP लाई उपलब्ध गराउने ।

५. DCMC र स्थानीय तहको समन्वयमा एम्बुलेन्स र शव वहानको व्यवस्था गर्ने ।

६. जिल्लाभित्र रहेका क्वारेन्टाइ स्थल र हेल्थ डेस्कहरुको मापदण्ड पालना भए/नभएको एकीन गर्ने र आवश्यकताअनुसार स्वास्थ्यकर्मी खटाउने ।

७. जिल्लाभित्र उपलब्ध स्वास्थ्यसम्बन्धी सेवा सुविधा तथा स्वास्थ्यकर्मीहरुको विवरण तयार गरी आवश्यकताको आधारमा परिचालन गर्ने ।

# प्रदेश निर्देशक समिति (PDC)

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. CUCH (Covid-19 unified Central Hospital) सँगको समन्वय र सहयोगमा आवश्यकतानुसार भेन्टिलेटर सहितको अस्पताल नभएका सम्बन्धित प्रदेशहरुका दुईदेखि चार वटा पहाडी जिल्लाहरुलाई पायक पर्ने गरी कोभिड-१९ युनिफाईड क्षेत्रीय अस्पताल (CURH) स्थापना र संचालन गर्ने ।

२. गृह मन्त्रालय, CCMC र अन्य सरोकारवाला निकायहरुसँगको समवन्यमा प्रदेश तथा जिल्ला तहमा संक्रमणको अवस्था हेरी स्मार्ट लकडाउन कार्यविधिमा आधारित रही निषेधाज्ञा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।

३. *अध्यादेशको परिच्छेद-४ को दफा १४ को उपदफा (१) को (ड)* बमोजिम कोभिड-१९ अस्पताल तथा उपचार केन्द्रहरुको उपचार क्षमता, सेवा प्रवाह र चापसम्बन्धी विवरण CUPH (Covid-19 unified Provincial Hospital) सँग सवन्वय गरी CCMC (सिंहदरबार) लाई प्रत्येक हप्ता वा माग भएबमोजिम उपलव्ध गराउनु पर्ने ।

४. प्रदेश भित्रका सञ्चार माध्यमहरु मार्फत आवश्यक सचेतना अभिवृद्धि गर्ने ।

५. *परिच्छेद ४ को दफा १४ को उपदफा (१) को (ढ)* मा व्यवस्था भएबमोजिम अनुगमन तथा निरीक्षण गरी पाक्षिक रुपमा CCMC (सिंहदरबार) लाई प्रतिवेदन गर्ने ।

६. प्रदेश भित्र अत्यावश्यक वस्तु आपूर्तिको सहज व्यवस्था गर्ने ।

७. *अध्यादेशको परिच्छेद-४ को दफा १४ को उपदफा (१) को (ञ)* मा व्यवस्था भएबमोजिम प्रदेश स्तरीय द्रूत प्रतिकार्य टोली स्थापना गरी सम्बन्धित जिल्लाहरुसँगको समन्वयमा आवश्यकताअनुसार परिचालन गर्ने । प्रदेश तहमा फैलिएको संक्रमण प्रदेशको नियन्त्रण क्षमताभन्दा बाहिर गएमा CCMC (सिंहदरबार) समक्ष केन्द्रिय द्रूत प्रतिकार्य टोलीको माग गर्ने ।

८. कोभिड-१९ कोषको प्रभावकारी प्रयोगको अनुगमन गरी प्रतिवेदन गर्नुको साथै भावी कार्ययोजनालाई प्रभावकारी रुपमा सम्पादन गर्न आवश्यक पर्ने बजेट योजना तत्काल तयार गरी सम्बन्धितमा माग गर्ने ।

९. माथि उल्लेखित काम, कर्तव्य र जिम्मेवारीहरुको कार्य प्रगति विवरण कोभिड-१९ निर्देशक समितिमा प्रतिवेदन गर्नु पर्ने ।

## जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC)

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. जिल्लास्तरमा रहेका कोभिड-१९ अस्पताल तथा उपचार केन्द्रहरुको उपचार क्षमता, सेवा प्रवाह र चाप सम्बन्धी विवरण प्राप्त गर्नुका साथै नियमित रुपमा उक्त उपचार केन्द्रहरुको अनुगमन गर्ने ।

२. जिल्लामा सरकारी, गैह्र सरकारी र निजीस्तरमा प्राप्त भएका स्वास्थ्य सामग्री, उपकरण तथा स्वास्थ्य सम्बन्धी बन्दोबस्तीका अन्य सामानहरुको प्राप्ति र वितरणको विवरण प्राप्त गरी सोको सम्बन्धितबाट प्रभावकारी प्रयोग भएको एकीन गर्ने ।

३. गृह मन्त्रालय, PDC र अन्य सरोकारवाला निकायहरुसँगको समन्वयमा जिल्लामा संक्रमणको अवस्था बमोजिम स्मार्ट लकडाउनको कार्यविधिमा आधारित रही निषेधाज्ञा सम्बन्धमा आवश्यक निर्णय गर्ने।

४. जिल्लास्तरमा नपुग भएका र प्रयोगमा नभएका स्वास्थ्य सामग्री र उपकरणको लगत साप्ताहिक रुपमा गृह मन्त्रालय र प्रदेश निर्देशक समितिलाई प्रतिवेदन गरी सोको जानकारी CCMC (सिंहदरबार) लाई गर्ने ।

५. स्थानीय पालिकाहरुको समन्वय र सहयोगमा आवश्यकताअनुसार जिल्ला प्रवेशका मुख्य १३ वटा नाकाहरुमा होल्डिङ्ग एरिया व्यवस्थापन समिति बनाई उक्त समितिबाट प्रदेश निर्देशक समितिको निर्देशन अनुरुप उचित व्यवस्थापन गर्ने ।

६. *परिच्छेद ४ को दफा १४ को उपदफा (१) को (ढ)* मा व्यवस्था भएबमोजिम अनुगमन तथा निरीक्षण गरी साप्ताहिक रुपमा प्रदेश निर्देशक समितिमार्फत CCMC (सिंहदरबार) लाई प्रतिवेदन गर्ने ।

७. *अध्यादेशको परिच्छेद-४ को दफा १४ को उपदफा (१) को (ञ)* मा व्यवस्था भएबमोजिम जिल्ला अस्पताल, निजी अस्पतालहरु, सामुदायिक अस्पतालहरु, जिल्ला जनस्वास्थ्य कार्यालय र अन्य आवश्यक जनशक्ति तथा श्रोत साधन सहितको जिल्लास्तरीय द्रूत प्रतिकार्य टोली स्थापना गरी सम्बन्धित स्थानीय पालिकाहरुसँगको समन्वयमा आवश्यकताअनुसार परिचालन गर्ने । जिल्ला तहमा फैलिएको संक्रमण जिल्लाको नियन्त्रण क्षमताभन्दा बाहिर गएमा सम्बन्धित प्रदेश निर्देशक समिति समक्ष प्रदेशस्तरीय द्रूत प्रतिकार्य टोलीको माग गर्ने ।

८. *अध्यादेशको परिच्छेद ५ को दफा १९ र दफा २१* बमोजिम सजायको व्यवस्था गर्ने ।

९. CCMC (सिंहदरबार) र प्रदेश निर्देशक समितिले तोकेबमोजिमका कार्यहरु अवलम्बन गर्नुका साथै जिल्लामा कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि आवश्यकताअनुसारका अन्य कार्यहरु गर्नुपर्ने ।

१०. प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा स्थानीय तहसँगको समन्वयमा दाहसंस्कार स्थल पहिचान गरी गृह मन्त्रालयको सोसम्बन्धी निर्देशिकाको आधारमा सम्भव भएसम्म सामाजिक परम्परा कायम हुने गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

११. माथि उल्लेखित काम, कर्तव्य र जिम्मेवारीहरुको कार्य प्रगति विवरण गृह मन्त्रालय र कोभिड-१९ प्रदेश निर्देशक समितिमा प्रतिवेदन गर्नु पर्ने ।

## पालिकाहरुको जिम्मेवारीहरु

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :

१. सम्बन्धितपालिका प्रमुखको संयोजकत्वमा महत्वपूर्ण सरोकारवालालाई समेटी सर्वपक्षीय पालिका स्तरीय कोभिड-१९ निर्देशन समिति र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सुरक्षा निकायका प्रतिनिधि, पालिका स्तरीय स्वास्थ्य कार्यालयका प्रमुख र अन्य आवश्यक प्रतिनिधिहरु सहितको स्थानीय कोभिड-१९ कार्य समिति गठन गरी स्थानीय तहस्तरमा कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कार्यलाई सहज, छिटो छरितो र प्रभावकारी बनाउने ।

२. स्थानीय पालिका प्रमुखहरुले खोप लगाउने र नलगाउनेको खण्डिकृत तथ्याङ्क नहुनु, कोभिडबाट मृत्यु भएका व्यक्तिहरुको सदगद गर्न स्थानीयको अवरोध हुने , बिरामीहरुले कोभिड टेष्ट गराउन नमान्नेलगायत हाल देखिएका समस्या र विवाद समाधान मुख्य चुनौती देखिएकोले उक्त कुराहरुलाई कार्ययोजना बनाई समाधानको जिम्मेवारी तोक्ने।

३. DCMC, प्रदेश निर्देशक समिति तथा CCMC (सिंहदरबार) बाट भएका निर्णय, अध्यादेश, मापदण्ड र कार्यविधि कार्यान्वयन गर्ने र गराउने ।

४. स्थानीय पालिका प्रमुखहरुले जिल्लामा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कामलाई सहज, छिटो छरितो र प्रभावकारी बनाउन DCMC लाई आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने ।

५. स्थानीयस्तरमा नागरिक सचेतना अभिवृद्धि गर्ने ।

६. अन्य जिल्लाबाट जिल्ला प्रवेशका नाकाहरुमा आवश्यक Health Desk हरु स्थापना गर्नुको साथै संक्रमणदरलाई मध्यनजर गरी थप गर्नुपर्ने भएमा थप गर्दै लैजाने ।

७. टोल, वडा र पालिकास्तरीय संस्थागत क्वारेन्टिन तथा आईशोलेसनको व्यवस्थापन, एम्बुलेन्सको व्यवस्थापन र होम क्वारेन्टाइन तथा आईसोलेसनको निरीक्षण गर्ने ।

८. स्थानीय पालिकास्तरमा उपलब्ध जनशक्ति तथा श्रोत साधनहरुबाट आवश्यकता बमोजिम जिल्ला स्तरीय कोभिड-१९ द्रूत प्रतिकार्य टोली, होल्डिङ्ग सेन्टर, आईशोलेसन सेन्टर र उपचार केन्द्रको स्थापना तथा व्यवस्थापनको लागि उपलब्ध गराउन सहजीकरण गर्ने ।

९. आवश्यकताअनुसार DCMC समक्ष जिल्ला स्तरीय द्रुत प्रतिकार्य टोलीको माग गर्ने ।

१०. CCMC, प्रदेश निर्देशक समिति र DCMC ले तोकेबमोजिमका कार्यहरु सम्पादनमा सहयोग गर्नुका साथै स्थानीय पालिकामा कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि आवश्यकताअनुसारका अन्य कार्यहरु गर्नुपर्ने।

११. गुजारा गर्ने मजदुरहरु, असहाय, गरीब तथा निमुखाहरुको विवरण संकलन र मापदण्डबमोजिम राहत वितरण गर्ने ।

१२. सम्पूर्ण वडाहरु मार्फत कोभिड-१९ को संक्रमण दरलाई न्यूनीकरण गर्न र सहजीकरण गर्न आवश्यकताबमोजिम *टोल सहजीकरण समूह तथा राष्ट्रिय सेवादल, स्काउट जस्ता संस्थाहरु* परिचालन गर्ने ।

## राजनैतिक दल

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. केन्द्रिय तथा स्थानीय तहका सबै राजनैतिक गतिविधिहरु (बैठक, जुलुस, प्रदर्शनी, सभा, प्रचार आदि)मा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणसम्बन्धी स्वस्थ्य मापदण्डहरुको पूर्णरुपमा कार्यान्वयन गर्ने तथा गराउने ।

२. राजनैतिक नेता, कार्यकर्ताहरु परिचालन गरी कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी सचेतनामूलक कार्यक्रहरु संचालन गर्ने ।

३. स्वास्थ्य सुरक्षा मापदण्डहरु पालना भए नभएको, प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध भए नभएको र औषधी, खोप, स्वास्थ्य उपकरण तथा सामग्रीको न्योचित प्रयोग/उपभोग भए नभएको सम्बन्धमा अनुगमन तथा खबरदारी गर्ने ।

४. CCMC, PDC, DCMC र स्थानीय तहको कोभिड-१९ समितिलाई कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा उचित सल्लाह सुझाव पेश गर्ने ।

५. आफ्ना नेता, कार्यकर्तामार्फत होल्डिङ्ग एरिया, आईसोलेसन सेन्टर, क्वारेण्टिन आदिको स्थापना र व्यवस्थापनमा उचित सहयोग गर्ने (स्वयमंसेवक जनशक्ति सहित) ।

## आम नागरिक

कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी कार्यान्वयन गर्न निम्न काम कर्तव्य र जिम्मेवारी रहेका छन् :-

१. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणसम्बन्धी स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गर्ने ।

२. विभिन्न स्वयमसेवक दलहरुमा आवद्ध (रेडक्रस लगायत) भएकाहरुले सक्रीयरुपमा जनसचेतना कार्यक्रमहरुमा सक्रीय रुपमा सहभागी हुने ।

३. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धी स्वास्थ्य मापदण्डहको पूर्ण पालनाको लागि स्थानीय प्रहरी र प्रशासनलाई सहयोग गर्ने ।

४. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि लागु हुने निषेधाज्ञाहरुको पूर्ण पालना गर्ने र कार्यान्वयनमा सहयोग गर्ने ।

५. Case Investigation and Contact Tracing (CICT) लाई पूर्ण सहयोग गर्ने ।

६. अफवाहको पछि नलागी आधिकारिक सूचनाहरु ग्रहण गर्ने ।

# समन्वयात्मक निर्देशन

१. सबै जिम्मेवार निकायहरुले सम्भावित परिस्थितिको पूर्वानुमान सहित पहलता लिई आपसी समन्वयमा प्रभावकारी ढङ्गबाट चुनौतीको सामना गर्ने ।

२. बजेट स्रोत साधन र जनशक्तिको कार्य सम्पादन पारदर्शी र मितव्ययी ढङ्गबाट गर्ने।

३. हरेक निकायले Calculated Risk लिँदै कोभिड-१९ विरुद्धको राष्ट्रिय लडाईंमा जित हासिल गर्न महत्वपूर्ण योगदान दिने ।

४. जटिल परिस्थितिलाई प्रतिकार गर्ने राष्ट्रिय जिम्मेवारीबाट पन्छिने, मनोबल कमजोर बनाउने, व्यक्तिगत वा पारिवारिक नक्कली मानवीय समस्या देखाउने, भयभित र त्रसित हुने, गराउने, व्यक्तिगत आर्थिकलगायत अन्य लोभमा केन्द्रीत हुने जस्ता राष्ट्र हित विपरीत कार्यमा संलग्न हुने कार्य स्वीकार्य हुने छैन ।

५. एकीकृत कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचार कार्य योजना,२०७८ तर्जुमा गरी CCMC ले सबै मन्त्रालयहरु तथा सुरक्षा निकायहरुमा पत्राचार गरिएबमोजिम सबै सम्बद्ध निकायहरुले उक्त एकीकृत कार्य योजनानुसार पूर्ण जिम्मेवार भई कार्यान्वयन गर्ने तथा गर्न लगाउने ।

६. सबै मन्त्रालय तथा सम्पूर्ण निकायहरुले माथि उल्लेखित कार्यहरुको अतिरिक्त संवैधानिक जिम्मेवारीअनुरुप कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी अन्य कार्यहरु समेत प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

७. एकद्वार प्रणालीको लागि कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसँग सम्बन्धित गैरस्वास्थ्य विषयहरुमा निर्माण हुने मापदण्ड, कार्यविधि, निर्देशिका आदिको तर्जुमा वा पुनरावलोकन गर्दा CCMC को समन्वयमा मात्र गर्ने र CCMC ले सहजीकरण गर्न कोभिड-१९ निर्देशक समितिमा आवश्यकतानुरुप पेश गर्ने ।

८. कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्न सम्पूर्ण मन्त्रालय, विभाग तथा अन्य संघ सस्थाहरुले कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा प्रकाशित *अध्यादेश २०७८* को परिधिमा रही एक अर्काबीच सहकार्य तथा समन्वय गरी आ-आफ्नो जिम्मेवारी बहन गर्ने ।

९. हरेक मन्त्रालय, विभाग तथा अन्य सहकार्य निकायहरुले सहकार्य र सह-अस्तित्वको आधारमा प्रभावकारी कार्य सम्पादन गरी मुख्य जिम्मेवारी (Lead Role) भएको कार्यको २१ दिन भित्र प्रगति प्रतिवेदन CCMC मार्फत कोभिड-१९ निर्देशक समिति समक्ष पेश गर्ने ।

१०. कोभिड १९ रोकथाम तथा नियन्त्रणका सम्बन्धमा सबै जिल्ला प्रशासन कार्यालयले अन्तरजिल्ला आवागमन नियमन गर्ने, जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने, भीडभाड नियन्त्रण गर्ने गराउने, जनचेतनाका कार्यक्रम संचालन गर्ने गराउने, स्मार्ट लकडाउन व्यवस्थापन गर्ने, अन्तरजिल्ला तथा जिल्ला स्थित सम्बन्धित सरकारी कार्यालयसँग समन्वय गर्नेलगायतका कार्यका लागि आवश्यक समन्वय तथा सहजीकरणको कार्य गर्ने ।